


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २७७ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८३ कार्तिक १२ गते बिहीबार ❑ 29 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पोखरा स्कुल बस दुर्घटना: प्राविधिक खराबी र तीव्र गति

पोखरापत्र संवाददाता
पोखरा, ११ कार्तिक

पोखरा महानगरपालिका-२८ माझ्ठानास्थित ओख्लेमा गत असोज २३ गते भएको कालिका बोर्डिङ स्कुलको बस दुर्घटनामा प्राविधिक खराबी, तीव्र गति र चालकको लापर्वाहीलाई जिम्मेवार बनाइएको छ।

दुर्घटनाको छानबिनका लागि पोखरा महानगरद्वारा गठन गरिएको छानबिन समितिले दुर्घटनाका सम्भावित कारण बसको प्राविधिक खराबीलगायतका पक्ष रहेको निष्कर्षसहित प्रतिवेदन बुझाएको छ । महानगरपालिकाका वरिष्ठ शिक्षा अधिकृत बद्रीनाथ सुवेदीको संयोजकत्वमा गठित समितिले दुर्घटनाको प्राविधिक, मानवीय तथा सडक पूर्वाधारसम्बन्धी पक्षको अध्ययन गरी नगरप्रमुखसमक्ष प्रतिवेदन पेस गरेको हो। समितिले दुर्घटनाको वास्तविक कारण पहिचानसँगै आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन विभिन्न सुधारका उपायसमेत सिफारिस गरेको छ। गत असोज २३ गते बिहान ६:३० बजेको समयमा कालिका बोर्डिङ स्कुलको ग२ख १७४७ नम्बरको बस माझ्ठानाबाट विद्यार्थी लिएर कालिकातर्फ आउने क्रममा सडकबाट करिब २०० मिटर तल खसेको थियो। दुर्घटनामा पाँच विद्यार्थीसहित छ जनाको मृत्यु भएको थियो भने १३ जना घाइते भएका थिए।

समितिले बसको ब्रेक प्रणाली, स्टेरिङ, सस्पेन्सन र टायरको अवस्था दुर्घटनाका सम्भावित प्राविधिक कारणका रूपमा औँल्याएको छ। उपलब्ध मर्मत अभिलेख नियमित रूपमा अद्यावधिक भएको नदेखिएको तथा बसको नवीकरण भए पनि अनिवार्य प्राविधिक जाँचपास (फिटनेस टेस्ट) नभएको प्रतिवेदनमा उल्लेख छ । दुर्घटनापछि गरिएको प्राविधिक परीक्षणमा स्पष्ट गडबडी फेला नपरे पनि प्राविधिक खराबी र तीव्र गतिले दुर्घटना निम्त्याएको हुन सक्ने समितिको आकलन रहेको समिति संयोजक सुवेदीले बताउनुभयो।

चालकको बयानअनुसार बस चलाइरहेका बेला अचानक अगाडि कालो वस्तु देखिएपछि बस अनियन्त्रित भएको थियो। तर, दुर्घटनास्थलको भौगोलिक अवस्था, सडकको बनोट, दृश्यता र सम्भावित अवरोधको थप विश्लेषण आवश्यक रहेको समितिले जनाएको छ।

प्रतिवेदनमा सडक किनारमा सुरक्षा बार, गार्डरेललगायतका पर्याप्त सुरक्षा संरचना नहुँदा दुर्घटनाको जोखिम बढेको समितिको निष्कर्ष छ । बस सडकबाट करिब २०० मिटर तल खसेकाले भिरको उचाइ र सडकको अवस्थाले दुर्घटनाको गम्भीरता बढाएको समितिले जनाएको छ।

बसको स्वामित्व तथा सञ्चालन व्यवस्थामा पनि सुधार आवश्यक रहेको समितिले औँल्याएको छ। दुर्घटनामा परेको बस श्रद्धा भण्डारीको नाममा दर्ता रहेको र विद्यालयसँग भाडामा सञ्चालन गर्ने सम्झौता भएको देखिएको छ।

विद्यालयको प्रत्यक्ष नियन्त्रण बाहिर रहेका सवारीसाधन प्रयोग गर्दा जोखिम बढ्न सक्ने भन्दै समितिले नियमित प्राविधिक जाँचपास र निर्धारित मापदण्ड पूरा गरेका सवारीसाधन मात्र प्रयोग गर्न सुझाव दिइएको छ।

समितिले विद्यालयका सवारीसाधनको नियमित प्राविधिक परीक्षण, चालक तथा परिचालकको योग्यता र स्वास्थ्य परीक्षण, सुरक्षा उपकरणको उपलब्धता, बिमा व्यवस्था तथा स्कुल बस सञ्चालनसम्बन्धी मापदण्डको कडाइका साथ पालना गर्न सिफारिस गरेको छ।

## स्कुटर दुर्घटनामा २८ वर्षीय आशिशको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, ११ कार्तिक

पोखरामा स्कुटर दुर्घटनामा परी २८ वर्षीय युवकको मृत्यु भएको छ।

पोखरा महानगरपालिका-८, सभागृहचोकनजिकचिप्लेढुङ्गाबाट सभागृहचोकतर्फ आउँदै गरेको स्कुटर अनियन्त्रित भई दुर्घटना हुँदा अन्नपूर्ण गाउँपालिका-१, ढिकुरपोखरी घर भई हाल पोखरा महानगरपालिका-६, लेकसाइड बस्दै आउनु भएको आशिष कुँवरको ज्यान गएको कास्की प्रहरीले जनाएको छ । बुधबार बिहान करिब २:५० बजे ग १६ प ६६१९ नम्बरको स्कुटर अनियन्त्रित भई दुर्घटनामा परेको थियो। स्कुटरको पछाडि सवार कुँवरको टाउकोमा गम्भीर चोट लागेको थियो । दुर्घटनापछि बोल्नसमेत नसक्ने अवस्थामा रहनु भएको उहाँको तत्काल उपचारका लागि गण्डकी मेडिकल कलेज लगिएको थियो। चिकित्सकको निगरानीमा उपचार भइरहे पनि बिहान करिब ५:३० बजे कुँवरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी विरेन्द्रकुमार पासवानले बताउनु भयो। स्कुटर चालक स्याङ्जाको आँधिखोला गाउँपालिका-२, चिलाउनेबास घर भई हाल पोखरा महानगरपालिका-८, न्युरोड बस्ने ४३ वर्षीय भोजराज सापकोटा रहेको उहाँले जनाउनु भयो । दुर्घटनापछि प्रहरीले स्कुटर र चालकलाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान अघि बढाएको जनाएको छ।

सडकमा हुने सामान्य असावधानीले समेत गम्भीर दुर्घटना निम्त्याउन सक्ने यस घटनाले सवारी सञ्चालनमा सतर्कता अपनाउनुपर्ने आवश्यकतालाई पुनः स्मरण गराएको स्थानियले बताउनु भएको छ । विशेषगरी रातिको समयमा सवारी चलाउँदा गति नियन्त्रण, सडकको अवस्था र सुरक्षासम्बन्धी नियमको पालना गर्नु प्रहरीले आग्रह गरेको छ।

## नवजात शिशु सौचालयमा मृत फेला परेको घटनामा आमा पक्राउ

पोखरापत्र संवाददाता
पोखरा, ११ कार्तिक

पोखराको लेकसाइडमा सालनालसहितको नवजात शिशु मृत अवस्थामा फेला परेको घटनामा प्रहरीले शिशुकी १९ वर्षीया आमालाई पक्राउ गरेको छ।

पोखरा महानगरपालिका-६, लेकसाइडस्थित स्ट्रीट नम्बर ८ भित्रको गल्लीमा रहेको शौचालयको च्याम्बरमा पुरुष नवजात शिशुको शव फेला परेको घटनामा शिशुकी आमा निरुता नेपालीलाई प्रहरीले पक्राउ गरेको कास्की प्रहरीले जनाएको छ।

यही कात्तिक ३ गते साँझ करिब ७:४० बजे शौचालय जाम भई पानी बाहिर ननिस्किएपछि घरधनीले च्याम्बर खोलेर हेर्दा सालनालसहितको नवजात शिशु मृत अवस्थामा फेला पारेका थिए । घटनाबारे जानकारी प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय बैदामबाट खटिएको टोलीले घटनास्थलमा पुगेर अनुसन्धान अघि बढाएको थियो । स्थानीय जनप्रतिनिधिको रोहबरमा घटनास्थलको मुचुल्का तयार गरी शिशुको शव पोस्टमार्टमका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पठाइएको प्रहरीले जनाएको छ।

प्रारम्भिक अनुसन्धानका क्रममा शिशु जन्माएर छाडेको आरोपमा प्रहरीले नेपालीलाई खोजतलास गरी कात्तिक ४ गते राति करिब १:१५ बजे पोखरा महानगरपालिका-२१, लुकुन्स्वाराबाट पक्राउ गरेको हो।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मापसेपछि साथीहरूबीच विवाद, आफ्नै साथीको कुटपिटबाट युवकको मृत्यु, पाँच जना पक्राउ

पोखरापत्र संवाददाता
पोखरा, ११ कार्तिक

सामान्य विवादले उग्र रूप लिएपछि कास्कीको माछापुच्छ्रे गाउँपालिकामा एक युवकले ज्यान गुमाएका छन्।

सँगै बसेर मदिरा सेवन गरेका साथीहरूबीच मौरीको घार फुटाएको विषयमा सुरु भएको विवादले हिंसात्मक रूप लिँदा २२ वर्षीय राजेन्द्र पौडेलको मृत्यु भएको प्रारम्भिक प्रहरी अनुसन्धानले जनाएको छ । घटनामा संलग्न रहेको आरोपमा प्रहरीले पाँच जनालाई पक्राउ गरेको छ।

माछापुच्छ्रे गाउँपालिका-७, धम्पुसस्थित आफ्नै घरबाट करिब ५० मिटर पूर्वतर्फ रहेको बारीमा पौडेल कात्तिक ९ गते बिहान करिब ८:२० बजे मृत अवस्थामा फेला पर्नु भएको कास्कीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक (एसपी) नवीन कार्कीले बताउनु भयो। स्थानीयबाट सूचना प्राप्त भएपछि प्रहरी चौकी धम्पुसबाट खटिएको टोली घटनास्थल पुगेको थियो । उनको शरीरभरि निलडाम तथा चोटपटक रहेको र नग्न अवस्थामा शव फेला परेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय कास्कीले घटनाको दुई दिन पछि बुधबार पत्रकार भेटघाट कार्यक्रम मार्फत घटनाको विवरण सार्वजनिक गर्दै प्रारम्भिक अनुसन्धानमा पौडेलको कुटपिटबाट मृत्यु भएको जनाएको हो । घटनाको अनुसन्धान गर्दै जाँदा अघिल्लो साँझ मृतक पौडेल र उहाँका केही साथीहरू सँगै बसेर मदिरा सेवन गरेको खुलेको एसपी कार्कीले जनाउनु भयो। विवाद बढ्दै जाँदा पौडेलले आफूसँग रहेको हँसियाले मिलन विकको घाँटीमा र आशिष गुरुङको तिघ्रामा प्रहार गरी चोट पुऱ्याउनु भएको प्रहरीले जनाएको छ । त्यसपछि उहाँहरू आ-आफ्नो घर फर्किनु भएको थियो।

तर, सामान्य विवादमा रोकिएको घटना त्यतिमै टुंगिएन । प्रहरीका अनुसार राति करिब ११:५९ बजे आशिष गुरुङले विक्रम पुन र ललितबहादुर पुनलाई फोन गरी बोलाउनु भएको प्रहरीको अनुसन्धानबाट खुलेको छ । त्यसपछि मिलन विक र महादेव विकसहित पाँच जना एकजुट भएर पौडेलको घर पुगेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।

प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार उनीहरूले पौडेलमाथि बाँसका भाटा, दाउरा तथा लात्तीमुक्का प्रहार गर्नु भएको थियो । गम्भीर अवस्थामा पुग्नु भएको पौडेललाई घरबाट नजिकै रहेको बारीमा लगेर छाडिएको र पछि उहाँको मृत्यु भएको प्रहरीले जनाएको छ।

घटनामा संलग्न रहेको आरोपमा प्रहरीले माछापुच्छ्रे गाउँपालिका-७ का ३० वर्षीय विक्रम पुन, २३ वर्षीय आशिष गुरुङ, ३० वर्षीय महादेव विक, ३० वर्षीय मिलन विक र ३८ वर्षीय ललितबहादुर पुनलाई पक्राउ गरेको छ । पक्राउ परेका पाँचै जनालाई कास्की जिल्ला अदालतबाट कर्तव्य ज्यानसम्बन्धी कसुरमा पाँच दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ । घटनास्थलबाट बाँसका दुईवटा भाटा, एउटा दाउरा, एउटा हँसिया, बियरका बोतलका टुक्रा र एउटा पानीको बोतल समेत बरामद गरिएको छ । एसपी कार्कीले अनुसन्धानबाट खुलेका तथ्यका आधारमा घटनामा संलग्न व्यक्तिहरूमाथि कानुन बमोजिम कारबाही प्रक्रिया अघि बढाइने बताउनुभयो । मृतक पौडेलका घरका अन्य सदस्य घटनाका बेला घरबाहिर रहेको र घटनास्थल आसपास पनि अन्य घरहरू टाढा रहेकाले घटनाबारे प्रत्यक्ष जानकारी प्राप्त गर्न कठिनाइ भएको प्रारम्भिक विवरणमा उल्लेख छ। घटनाका बेला मृतककी आमासमेत मदिरा सेवन गरेको अवस्थामा रहेको जानकारीका आधारमा प्रहरीले थपअनुसन्धानबाटघटनासम्बन्धी अन्य तथ्य खुल्न सक्ने अपेक्षा गरेको छ। घटनाको थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी विरेन्द्र कुमार पासवानले बताउनु भयो।

## मुस्ताङ र आसपासका क्षेत्रमा तीन दिन पदयात्रा नगर्न प्रशासनको अनुरोध

पोखरापत्र संवाददाता
मुस्ताङ, ११ कार्तिक

मौसम प्रतिकूल हुने सम्भावना रहेकाले यही कात्तिक १२ देखि १४ गतेसम्म उच्च हिमाली क्षेत्रमा पदयात्रा नगर्न जिल्ला प्रशासन कार्यालय र लोमन्थाङ गाउँपालिकाले अनुरोध गरेका छन्।

गण्डकी प्रदेशका अधिकांश स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित मध्यमदेखि भारी वर्षा हुने सम्भावना रहेको उल्लेख गर्दै जिल्ला प्रशासन कार्यालयले सूचनामार्फत जानकारी गराएको छ।

उच्च पहाडी तथा हिमाली क्षेत्रमा भारी हिमपात र हिमपहिरोको जोखिम रहेकाले प्रशासनले पर्यटकलाई सतर्क रहन आग्रह गरेको हो । मुस्ताङका प्रमुख जिल्ला अधिकारी परशुराम पोखरेलले चिसो बढ्ने, सडकमा पहिरो जाने तथा सडक र हवाई यातायात प्रभावित हुन सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको जानकारी दिनुभयो । यसैगरी, लोमन्थाङ गाउँपालिकाले पनि मौसम प्रतिकूल हुने सूचना प्राप्त भएकाले कोरला नाका तथा आसपासका क्षेत्रमा जोखिम बढ्न सक्ने जनाएको छ।

गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले हिमपातका कारण सडक चिप्लो भई सवारी दुर्घटनामा पर्न सक्ने र सडक अवरुद्ध हुन सक्ने जोखिम रहेकाले कोरला नाकातर्फ सवारीसाधन नलैजान यातायात व्यवसायी, चालक, व्यापारी तथा पर्यटकलाई अनुरोध गर्नुभएको छ। मौसम अनुकूल नभएसम्म कोरला नाकातर्फको यात्रा तथा सवारीसाधनको आवागमन स्थगित गर्न गाउँपालिकाले आग्रह गरेको छ।



# भोटेकोशी बाढीका कारण घरपरिवार र व्यवसायमा ७९ अर्बको क्षति : आयोग

**रासस**
काठमाडौं, ११ कार्तिक

रसुवाको भोटेकोशी बाढीका कारण घरपरिवार र व्यवसाय/प्रतिष्ठानतर्फ रु ७९ अर्ब १७ करोड बराबरको क्षति भएको छ।

राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको घरपरिवार तथा प्रतिष्ठानसँग सम्बन्धित सर्वेक्षणको प्रारम्भिक विवरणमा घरपरिवारतर्फ रु ६९ अर्ब ५७ करोड र व्यवसाय/प्रतिष्ठानतर्फ रु नौ अर्ब ६० करोड बराबरको क्षति भएको उल्लेख छ।

सर्वेक्षणअनुसार आर्थिक क्षतिसम्बन्धी प्रारम्भिक विवरणमा घर भएको जग्गा (आफ्नै स्वामित्वको) अन्तर्गत ५४ दशमलव ६५ हेक्टर क्षेत्रफलमा क्षति पुगेको छ। जसमा घडेरीमा भएको क्षति रु १३ अर्ब २६ करोड र घर निर्माण लागत रु ११ अर्ब ९५ करोडको छ।

बाढीका कारण तीन हजार ६१० परिवारको स्वामित्वमा रहेको ५०७ दशमलव ९७ हेक्टर क्षेत्रफल जग्गा जमिन अर्थात रु ३५ अर्ब ४४ करोड बराबरको क्षति भएको छ। त्यसैगरी दुई हजार ९५१ परिवारको खेतबारीमा लगाएको बालीमा क्षति पुगेको छ। जुन रु २३ करोड २१ लाख क्षति हो। त्यसैगरी एक हजार ८७६ परिवारको भण्डारणमा रहेको खाद्यान्नमा क्षति पुग्दा रु १० करोड ४१ लाख बराबरको क्षति पुगेको छ। पशुपन्छीतर्फ एक हजार ११ परिवारले पालेको रु २१ करोड ४२ लाख बराबरका पशुपन्छी/माछामा क्षति भएको छ। आयोगका अनुसार सवार ीसाधनतर्फ एक हजार ११५ परिवारको रु एक अर्ब २४ करोड बराबरको क्षति भएको छ। साथै बहूमूल्य, सांस्कृतिक तथा पुरातात्विक वस्तुतर्फ दुई हजार ३३० परिवारको रु पाँच अर्ब दुई लाख बराबरको क्षति भएको छ। बाढीका कारण स्थायी प्रकृतिका (टिकाउ हुने) घरायसी वस्तुमा पनि क्षति पुगेको छ। जसमा तीन हजार १८७ परिवारले रु एक अर्ब ४५ करोड बराबरको सम्पत्ति गुमाएका छन्। साथै अस्थायी प्रकृतिका (टिकाउ नहुने) घरायसी वस्तुमा पनि दुई हजार ७६९ परिवारले रु ६६ करोड ३५ लाख बराबरको क्षति बेहोरेका छन्। आयोगका अनुसार बाढीका कारण कूल छ हजार ८१७ परिवार, ३२ हजार ८७२ जना व्यक्ति, ४९९ प्रतिष्ठान प्रभावित भएका थिए। पूर्ण क्षति भएका आवासीय संरचनाको सङ्ख्या दुई हजार ९८९ छ। प्रभावित घरपरिवारतर्फ धादिङमा ९४८, गोरखामा १०८, नुवाकोटमा तीन हजार ८४१ र सुवामा एक हजार ९२० सङ्ख्या छ। साथै प्रतिष्ठानतर्फ धादिङमा १०४, गोरखामा १५, नुवाकोटमा ३२३ र रसुवामा ५७ वटा प्रभावित भएका छन्।

सर्वेक्षणमा अनलाइन एप र ट्याब्लेटसहित कर्मचारी परिचालन गरिएको थियो। जसमा चार जिल्लाका १५ स्थायीय तहमा ५८ टोली र १५६ जनशक्ति परिचालन गरिएको थियो।

# जेसिज सप्ताहमा म्याराथन प्रतियोगिता

**पोखरापत्र संवाददाता**
लेखनाथ, ११ कार्तिक




नेतृत्व विकास र सामाजिक सेवामा काम गर्दै आएको संस्था लेखनाथ जेसीजको जेसीज सप्ताह-२०२६ अन्तर्गत लेखनाथ जुनियर जेसीजको समेतको संयुक्त आयोजनामा सप्ताहव्यापी कार्यक्रम अन्तर्गत बुधबार मिनी म्याराथन प्रतियोगिताको सम्पन्न भएको छ।

कुल साढे आठ किलो मिटर दुरीमा मिनी म्याराथनतालचोकबाटपावरहाउस, तागाकोमुख हुँदै शिसुवासम्म गरिएको प्रतियोगितामा निर्धारित दुरी २७ मिनेट ५८ सेकेण्डमा पूरा गरी गौतम श्रेष्ठले प्रथम स्थान हाँसिल गरे। निर्धारित दुरी २८ मिनेट १६ सेकेण्डमा पूरा गरी प्रिती राईले द्धित्तीय तथा निर्धारित दुरी २८ मिनेट ५८ सेकेण्डमा पूरा गरी तेजन मगरले तृतीय स्थान हाँसिल गरे। निर्धारित दुरी ३० मिनेट ८ सेकेण्डमा पूरा गरी महेन्द्र मगरले चौथो स्थान हाँसिल गरे। विजेताहरुलाई क्रमशः नगद रु ५ हजार, ३ हजार ५ सय, २ हजार ५ सय र १ हजार पुरस्कार समापनका अवसरमा प्रदान गरिने प्रयोगिताका संयोजक विनय जमरकट्टेलले जानकारी दिएका छन। यसअघि पोखरा २७ का वडाध्यक्ष पूर्णकुमार गुरुङले दौडको सुरुवात गर्दै जेसिजहरुले गरेको नेतृत्व र सेवाभावको प्रसंशा गरे।

सप्ताहव्यापी रुपमा गत कार्तिक ६ गते बाट शुरु भएको कार्यक्रमको समापन कात्तिक १२ गते बिहिबार हुने लेखनाथ जेसिजका अध्यक्ष सर्वेन्द्र न्यौपानेले जानकारी दिएका छन।

# एनपिएल: सुदूरपश्चिम रोयल्सको जित

**रासस**
काठमाडौं, ११ कार्तिक

नेपाल प्रिमियर लिग (एनपिएल)अन्तर्गत बुधबार भएको खेलमा सुदूरपश्चिम रोयल्सले पोखरा एभेन्जर्सलाई ६ विकेटले पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गराएको छ। यसअघि सुदूरपश्चिम लुम्बिनी लायन्ससँग पराजित भएको थियो।

पोखराले जितको लागि दिएको १४६ रनको लक्ष्य पछाएको सुदूरपश्चिमले १६.५ ओभरमा ४ विकेट गुमाएर पूरा गऱ्यो। सुदूरपश्चिमका लागि कप्तान दीपेन्द्रसिंह ऐरीले अविजित ५१ रन बनाए। उनले ३६ बलमा ४ चौका र २ छक्का प्रहार गरे। त्यस्तै, इशान पाण्डेले ३१ बलमा २ चौका र २ छक्कासहित ३७ रनको योगदान दिए। ब्रान्डन म्याकमुलेनले १२ बलमा २२ रन बनाए भने सैफ जैबले १५ तथा सर्फेन रदरफोर्ड ८ रनमाब अविजित रहे।
पोखराका लागि धनञ्जय लक्षण, महेदी हसन र शाकिब अल हसनले समान एक एक विकेट लिए। त्यसअघि कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको पोखराले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १४५ रनको योगफल बनाएको थियो।

पोखराका लागि अर्जुन घर्तीले उत्कृष्ट ब्याटिङ गर्दै २५ बलमा अविजित ४० रन बनाए। उनले चार चौका र एक छक्का प्रहार गरे। त्यस्तै महेदी हसनले २१ बलमा ३२ रन बनाउँदा कप्तान कुशल भुर्तेलले १७ बलमा २१ रनको योगदान दिए। शाकिब अल हसनले १६ बलमा १४ रन तथा धनञ्जय लक्षणले १६ बलमा ११ रन बनाए। सदीरा समरविक्रमा आठ रनमा आउट भए। सुदूरपश्चिम रोयल्सका बलर अनिल खरेलले उत्कृष्ट प्रदर्शन गर्दै तीन विकेट लिए। उनले तीन ओभरमा २३ रन खर्चिए। त्यस्तै स्कट कुगेलाइन, दीपेन्द्रसिंह ऐरी र हेमन्त धामीले समान एक एक विकेट हात पारे।

# आठौँ पश्चिम म्याग्दी कपको उपाधि आयोजकलाई

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ कार्तिक

म्याग्दीको मालिका गाउँपालिकाको केन्द्र दरवाङमा बुधबार सम्पन्न आठौँ पश्चिम म्याग्दी कप 'सेभेन ए साइड' फुटबल प्रतियोगिताको उपाधि आयोजकले जितेको छ।

पश्चिम म्याग्दी युवा क्लबले बडादसैं पर्वको अवसरमा आयोजना गरेको प्रतियोगिताको फाइनलमा आयोजकको 'ए' टोली विजेता र 'बि' उपविजेता भएका हुन्। 'ए' टिमले 'बि'लाई शून्यका विरुद्ध दुई गोल गरेर विजयी भएको क्लवका सचिव विमल शर्माले जानकारी दिनुभयो। दसैं पर्वको अवसरमा पाँच दिनसम्म सञ्चालन भएको प्रतियोगितामा २५ समूहले सहभागिता जनाएका थिए। प्रतियोगिताको विजेता र उपविजेताले ट्रफी, मेडल र प्रमाणपत्रसहित नगद रु एक लाख ११ हजार १११ र रु ७७ हजार ७७७ नगद पुरस्कार प्राप्त गरेका क्लबका सचिव शर्माले जानकारी दिनुभयो। जिल्ला खेलकुद विकास समितिका अध्यक्ष सुमन श्रेष्ठ, मालिका गाउँपालिका-६ का वडाध्यक्ष पथबहादुर रोका, समितिका सचिव नगेन्द्र मल्ल, सदस्य सोहन श्रेष्ठलगायतले पुरस्कार वितरण गर्नुभएको थियो।

# व्यावसायिक केराखेती: एघार लाख आम्दानी

**पोखरापत्र संवाददाता**
वालिङ, ११ कार्तिक

पङ्गेनीले व्यावसायिक केरा खेतीबाट वार्षिक एघार लाख आम्दानी गर्दै आउनुभएको छ।

प्रेमनारायण पङ्गेनी स्याङ्जाको चापाकोट १० आँधीघाटका किसान हुनुहुन्छ। पङ्गेनीले थातथलोमा व्यावसायिक केरा खेती गरेर उक्त आम्दानी गर्न सफल हुनुभएको हो। एक रोपनी क्षेत्रफलमा १०० केराका बिरुवा लगाएर सुरु गरेको व्यवसायलाई विस्तार गर्दै अहिले ६१ रोपनी क्षेत्रफलमा छ हजार १०० केराका बिरुवा लगाउनुभएको छ। कालीगण्डकी नदीको किनारमा अवस्थित खेतमा केराको उत्पादन राम्रो हुने ठानेर गरेको खेती अहिले निक्कै फस्टाएर गएको छ। "व्यावसायका क्रममा मैले धैरै क्षेत्रमा हात हाले", उहाँले भन्नुभयो, "सबैभन्दा खुसी र सन्तुष्टि मलाई यही केरा खेतीबाट मिलेको छ।" सुरुमा स्थानीय 'मालभोग' र 'जि नाईन' प्रजातिको केरा लगाउनुभएका पङ्गेनीले हाल जि नाईन जातको केरा हटाएर स्थानीय मालभोगमात्रै लगाउनुभएको छ। केराबाट राम्रो आम्दानी हुन थालेपछि धान तथा मकै खेती हुँदै आएको जमिनमा केरा खेती विस्तार गरेको उहाँले बताउनुभयो। "अन्य खेतीभन्दा केरा खेती सहज लाग्यो, उत्पादित केराको बजारको माग पनि उच्च रहेकाले केरा खेती थालेको हुँ।" उहाँले भन्नुभयो, "आफ्नो १३ रोपनी र बाँकी अरुको जग्गा बन्धकी र



भाडामा लिएर ६१ रोपनी क्षेत्रफलमा केरा खेती छ।" यहाँ उत्पादन भएको स्थानीय जातको मालभोग केरा अन्य केराभन्दा ठुलो, आकर्षक र विषादीरहित तरिकाले पकाएर बिक्री गर्ने भएकाले पनि स्थानीय बजारमा अत्यधिक खपत हुने गरेको उहाँले बताउनुभयो। विषादी तथा अखाद्य व्स्तुको प्रयोग गरेर केरा नपकाउने र अर्गानिक केरा भएकै कारण पनि स्थानीय चापाकोट बजारमा केरा बिक्री हुँदै आएको छ। राम्रो र ठुला कोसा भएको केरा प्रतिदर्जन रु २०० र साना कोसा भएका केरा प्रतिदर्जन रु १५० का दरले बिक्री हुने गरेको छ। "खेतमा रहेका छ हजार २०० बोटमध्ये अहिले दुई हजार २०० बोटले उत्पादन दिन्छन्", उहाँले भन्नुभयो, "यी बोटहरूबाट उत्पादन भएका केरा बिक्रीबाट वार्षिक एघार लाख बढी आम्दानी हुँदै आएको छ।" खेतमा भएका सबै बोटले उत्पादन दिनथालेपछि वार्षिक तीस लाख बढी आम्दानी हुने लक्ष्य उहाँको छ। घरपरिवारले रेखदेख गर्दै आउनुभएको उक्त केरा खेतीमा गोडमेललगायत समयमा भने स्थानीयलाई रोजगार ीसमेत हुने गरेको छ।

# चक्रवाती आँधी 'अर्नब' को सम्भावित प्रभावलाई मध्यनजर गर्दै हवाई सुरक्षा सतर्कता जारी

**रासस**
काठमाडौं, ११ कार्तिक

नेपाल नागरिक उड्डयन प्राधिकरण(क्यान)ले शक्तिशाली चक्रवाती आँधी 'अर्नब' को सम्भावित प्रभावको क्षति कम गर्न हवाई सुरक्षा सतर्कता अपनाउन आग्रह गरेको छ।

भारतको आन्ध्र प्रदेश तथा विशाखापट्टनम आसपास तटीय क्षेत्रमा प्रवेश गर्ने अनुमान गरिएको अर्नब नेपालमा प्रवेश गर्न सक्ने भएकाले क्यानले सतर्कता अपनाउन आग्रह गरेको हो। प्राधिकरणले आज सुरक्षा परिपत्र जारी गर्दै हवाई सेवा प्रदायक, विमानस्थल सञ्चालक, वायुसेवा सञ्चालक तथा सम्बन्धित सरोकारवालालाई आवश्यक सतर्कता अपनाउन परिपत्र गरेको हो। परिपत्रअनुसार उक्त मौसमी प्रणालीका कारण नेपालमा मध्यमदेखि भारी वर्षा, चट्याङसहितको हुरीबतास, तीव्र हावाहुरी तथा हिमाली र उच्च पहाडी क्षेत्रमा हिमपात हुन सक्ने सम्भावना छ। यसको प्रभाव विशेषगरी कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा पर्न सक्ने तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका केही भागमा समेत असर देखिनसक्ने जल तथा मौसम विभागको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

यही कात्तिक १२ गतेदेखि कात्तिक १४ गतेसम्म भारी वर्षा, तीव्र हावाहुरी र भिजिविलिटी कम हुनसक्ने भएकाले हवाई उडान तथा अवतरण, विमानस्थलको सञ्चालन र धावनमार्गको सतहमा समस्या उत्पन्न हुन सक्ने हुँदा सतर्कता अपनाउन प्राधिकरणले आग्रह गरेको हो।

प्राधिकरणले हवाई ट्राफिक व्यवस्थापन गर्ने निकायलाई प्रतिकूल मौसममा उडान व्यवस्थापनको उचित योजना बनाउन, आवश्यकताअनुसार अन्य हवाई सेवा एकाइसँग समन्वय गर्न तथा मौसमका कारण निर्धारित सञ्चालन सीमाभन्दा अवस्था खराब भएमा उडानको मार्ग परिवर्तन, होल्डिङ र अन्य आवश्यक व्यवस्थापन गर्न निर्देशन दिएको छ। त्यस्तै, भारी वर्षा वा प्रतिकूल मौसमका कारण विमानको उडानमा असर पर्न सक्ने भएकाले राडार नियन्त्रकलाई आवश्यक दूरी कायम गर्न भनिएको छ। हावाको गति तथा दिशामा अचानक परिवर्तन हुने अवस्था (विन्ड सियर), तीव्र वायुमण्डलीय अस्थिरता र चट्याङयुक्त हुरीबताससम्बन्धी जानकारी उडान भर्ने तथा अवतरण गर्ने विमानलाई तत्काल उपलब्ध गराउन पनि परिपत्रमा उल्लेख छ।

प्राधिकरणले वर्षाका कारण धावनमार्गमा पानी जम्ने, सतह चिप्लिने तथा विमानको ब्रेकिङ क्षमतामा असर पर्न सक्ने जोखिमलाई ध्यानमा राख्दै नियमित निरीक्षण गर्न निर्देशन दिएको छ। विमानस्थल सञ्चालन, सिभिल इन्जिनियरिङ तथा एयरसाइड विभागबीच निरन्तर समन्वय कायम गर्न, तीव्र हावाले उडाएर ल्याएका वस्तु तथा फोहोर हटाउन र विमानस्थलका बत्ती तथा अन्य अत्यावश्यक प्रणाली नियमित सञ्चालनमा रहेको सुनिश्चित गर्न भनिएको छ। कुनै उपकरण वा प्रणालीको सञ्चालनमा समस्या आएमा तत्काल आवश्यक सूचना जारी गर्नुपर्ने पनि परिपत्रमा उल्लेख छ। वायुसेवा सञ्चालक तथा उडान चालक दललाई उडानअघि मौसमको विस्तृत मूल्याङ्कन गर्न, सम्भावित ढिलाइ, होल्डिङ तथा वैकल्पिक विमानस्थलमा अवतरण गर्नुपर्ने अवस्थालाई ध्यानमा राख्न र पर्याप्त इन्धन व्यवस्थापनसहित निर्धारित सुरक्षा प्रक्रियाको पालना गर्न प्राधिकरणले आग्रह गरेको छ।


## जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।



त्यसैले जुवातास नखेलौं-नखेलाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## घडेरी बिक्रीमा

पोखरा-१७ फिस्टेल स्कुलको नजिक आकर्षक घडेरीहरु मूल्य रु. ४० लाखदेखि रु. ६५ लाखसम्मका बिक्रीमा छन्। क्षेत्रफल ४ आना भन्दामाथी

सम्पर्क:
९८५६०२५७८१, ९८४६१०२९६०,
९८०४१६६२२०

लिन इच्छुकले सिधा सम्पर्क गर्नुहोला।


# नवजात ...

उनलाई चिकित्सकबाट स्वास्थ्य परीक्षण गराई थप अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) वीरेन्द्रकुमार पासवानले जानकारी दिए। प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार नेपालीको स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-१ निवासी राजन सार्कीसँग २०७८ सालमा सामाजिक परम्पराअनुसार विवाह भएको थियो। राजनले प्रहरीलाई दिएको जानकारीअनुसार २०८२ साल माघमा श्रीमती गर्भवती भएको थाहा पाएपछि उनीहरूबीच भेटघाट हुन सकेको थिएन। लेकसाइडमा डेरामा एक्लै बस्दै आएकी नेपालीले फोनमा कुराकानी गर्दा आफूले बच्चा खेर फालिसकेको बताएको राजनले प्रहरीलाई जानकारी दिएको जनाइएको छ।

तर, कात्तिक ३ गते लेकसाइडस्थित शौचालयको च्याम्बरमा सालनालसहित नवजात शिशुको शव फेला परेपछि घटनाले नयाँ मोड लिएको हो। त्यसपछि प्रहरीले घटनामा संलग्न व्यक्तिको पहिचान र घटनाको वास्तविक अवस्था पत्ता लगाउन अनुसन्धान तीव्र पारेको थियो। पक्राउ परेकी नेपालीविरुद्ध कास्की जिल्ला अदालतबाट कात्तिक ४ गतेदेखि लागू हुने गरी कर्तव्य ज्यानसम्बन्धी कसुरमा १० दिनको म्याद थप गरिएको प्रहरीले जनाएको छ। शिशुको मृत्यु कसरी भयो, घटनामा अन्य व्यक्तिको संलग्नता छ वा छैन र घटनाको वास्तविक कारण के हो भन्ने विषयमा प्रहरीले थप अनुसन्धान भई रहेको जनाएको छ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ ।
-चाणक्य

## सम्पादकीय

# एनपिएल नेपालको खेल क्षेत्रको ठूलो प्रतियोगिता

बडा दसैं सकिने दिनदेखि नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करण कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा सुरु भएको छ । पछिल्लो समय नेपाली खेलप्रेमी र युवामा लोकप्रिय बनेको क्रिकेट एनपिएल नेपालको सबैभन्दा ठूलो खेलकुद प्रतियोगिता हो । छोटो अवधिमै मुलुकको ठूलो खेलकुद प्रतियोगितामा परिणत भएको छ । प्रतियोगितामा आठ फ्रेन्चाइज टोली लुम्बिनी लायन्स, सुदूरपश्चिम रोयल्स, जनकपुर बोल्ट्स, काठमाडौं गोर्खाज, चितवन राइनोज, विराटनगर किङ्स, पोखरा एभेन्जर्स र कर्णाली याक्सबिच प्रतिस्पर्धा हुँदै छ ।

एनपिएलको यो संस्करण अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) बाट आधिकारिक मान्यताप्राप्त प्रतियोगिता हो । यसै कारणले पनि यस प्रतियोगिताप्रति अन्तर्राष्ट्रिय समुदायको समेत ध्यान केन्द्रित भएको छ प्रतियोगितामा आधुनिक प्रविधिको प्रयोग गरिएको छ । यसले नेपाली क्रिकेटलाई विश्वमाझ चिनाउनुका साथै खेललाई निष्पक्ष बनाउनसमेत सहयोग पुग्ने विश्वास गरिएको छ । यस पटक प्रतियोगिताको पुरस्कार राशिसमेत वृद्धि गरिएको छ । उपाधि विजेता टिमले एक करोड ५० लाख र उपविजेताले ८० लाख रुपियाँ पाउने छन् । यसै गरी तेस्रो हुने टोलीलाई ४० लाख र चौथो हुनेलाई ३० लाख रुपियाँ प्रदान गरिने छ । आउँदो मङ्सिर ५ सम्म सञ्चालन हुने यस प्रतियोगिताले नेपाली घरेलु क्रिकेटको स्तरलाई थप उचाइमा लैजाने अपेक्षा गरिएको छ । खेलकुदमा सामूहिक प्रयत्नबाटै परिणाम निस्कन्छ र, यसले सहकार्य सिकाउँछ । खेलकुदमा नियम चल्छ र, यसले विधिको महत्व बुझाउँछ। खेलकुदमा अनुशासन चाहिन्छ र त्यही सिकाउँछ खेलकुदले सामूहिक भावना जगाउँछ । राजनीतिक रूपमा एकीकृत भूगोलका बासिन्दालाई एकताको बलियो डोरीले बाँध्छ खेलकुदले पर्यटन उद्योगलाई सघाउँछ अर्थतन्त्रलाई टेवा दिन्छ । डेढ करोड रुपैयाँ त एनपिएलको उपाधि राशिमात्रै हो। यसका बहुआयाम छन् । खेलप्रेमीहरूको आगमन, टिकट बिक्री, खेल आयोजना गर्दाका खर्चपर्च र दर्शक एवं खेलाडीले समेत गर्ने खर्चले अर्थतन्त्रका धमनीमा थप रक्तसञ्चार गराउँछ ८ फ्रेन्चाइज क्लबहरू ७ प्रदेशहरूबाट भएको हुँदा ती भूगोलको ब्राण्ड चम्काउन पनि यो प्रतियोगिताले सघाएको छ। नेपालमा पछिल्लो समय क्रिकेट खेलप्रतिको आकर्षण अभूतपूर्व रूपमा छ । क्रिकेटबाटै नाम र दाम दुवै कमाउन सक्ने अवस्था बनेको छ ।

यो प्रतियोगिताले नेपाली क्रिकेटलाई व्यावसायिकतातर्फ लैजान, युवा खेलाडीलाई आफ्नो प्रतिभा प्रदर्शन गर्न र अन्तर्राष्ट्रियस्तरका खेलाडीसँग अनुभव साटासाट गर्ने ठूलो मञ्चसमेत प्रदान गरेको छ । एनपिएलको यो निरन्तरताले नेपाली क्रिकेटमा कर्पोरेट क्षेत्रको लगानी र आमनागरिकको चासोलाई अझ प्रगाढ बनाएको छ । यद्यपि नेपाली क्रिकेटको जगलाई दिगो र बलियो बनाउन अझै धेरै काम गर्न बाँकी छ । नेपाली क्रिकेटको विकासका लागि सबैभन्दा पहिलो र अनिवार्य आवश्यकता भनेको भौतिक पूर्वाधार निर्माण र स्तरोन्नति हो । नेपालसँग प्रतिभावान् खेलाडी र खेलप्रेमी दर्शकको कमी छैन तर अन्तर्राष्ट्रिय मापदण्डका रङ्गशाला र अभ्यास मैदानको अभाव छ । त्रिभुवन विश्वविद्यालयको कीर्तिपुर मैदान छोटो समयमा सम्पन्न भयो त्यसको जस तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई दिनुपर्छ । त्यसलाई अझै परिस्कृत गर्दै जानुपर्छ । मूलपानी मैदानमा केही सुधार भए पनि ती अझै आधुनिक प्रविधियुक्त र पर्याप्त छैनन् । भैरहवा, पोखरा, चितवन जस्ता सम्भावित सहरमा निर्माण सुरु भएका वा प्रस्ताव गरिएका रङ्गशाला समयावधि तोकेर सम्पन्न गर्नु आवश्यक छ ।

रात्रिकालीन खेल सञ्चालन गर्न 'फ्लडलाइट' को व्यवस्था, अत्याधुनिक 'ड्रेनेज सिस्टम' र डिजिटल प्रविधिको प्रयोगमा राज्यले जोड दिनु पर्छ । ठूलो सम्भावना र उत्साह देखिएको क्रिकेटमा राज्य र निजी क्षेत्रले मन खोलेरै लगानी गर्नु पर्छ । तिनै तहका सरकार साथै निजी क्षेत्रबिच सहकार्य हुनु पर्छ । यसलाई दिगो बनाउन 'ग्रासरुट' बाटै क्रिकेटको विकास गर्नु आवश्यक छ । नयाँ प्रतिभा पहिचानका लागि विद्यालय र पालिका तहदेखि नै क्रिकेट प्रतियोगिता नियमित हुनु पर्छ। महिलाको पनि प्रतियोगिता हुनु जरुरी छ। उमेर समूह (अन्डर-१६, अन्डर-१९) जस्ता प्रतियोगितालाई देशव्यापी बनाउनु आवश्यक छ । तल्लो तहबाट निरन्तर नयाँ खेलाडी उत्पादन गरेर सर्वोत्कृष्ट राष्ट्रिय टोली बनाउनु पर्छ । यसका लागि नेपाल क्रिकेट सङ्घलाई स्रोतसाधनयुक्त, व्यवस्थापन चुस्त, पारदर्शी र राजनीतिक हस्तक्षेपमुक्त बनाउन सके प्रतियोगिता गर्न सक्षम हुनेछन् ।

# ४४ हिमाल आरोहण गर्न ७६ देशका आरोहीलाई अनुमति

**रासस**
काठमाडौं, ११ कार्तिक

शरद् ऋतुमा नेपालका ४४ हिमाल आरोहण गर्न ७६ देशका एक हजार ४१० आरोहीले आरोहण अनुमति लिएका छन् । शरद् ऋतुमा हिमाल आरोहण गर्न १६१ टोलीले अनुमति लिएका हुन् ।

पर्यटन विभागका शाखा अधिकृत सुधा रेम्मीले ४४ हिमाल आरोहणका लागि एक हजार ६९ पुरुष र ३४१ महिलाले आरोहण अनुमति लिएको जानकारी दिनुभयो । आरोहण अनुमति प्रदान गरेबापत विभागले आरोहीबाट रु ३१ करोड ८० लाख ५० हजार ७७८ रोयल्टी सङ्कलन गरेको छ । आरोहण अनुमति प्रदान गरेका हिमालमध्ये सबैभन्दा धेरै मनास्लु (८,१६३ मिटर) का रहेका छन् । मनास्लु आरोहणका लागि मात्रै ४३ टोलीका ५०० आरोहीले अनुमति लिएका छन् । जसमा ३७३ पुरुष र १२७ महिला रहेका छन् । उहाँहरूबाट विभागले रु २२ करोड ५८ लाख ५७ हजार १८९ रोयल्टी सङ्कलन गरेको छ। धौलागिरि-१ आरोहणका लागि छ टोलीका ३७ जनाले आरोहण अनुमति लिएका छन् ।


## एउटै व्यक्ति भएको सूचना




जिल्ला स्याङ्जा पुतलीबजार नगरपालिका वडा नं ०२ निवासी भारतीय सेनाका भु.पु. सैनिक नं जे.सी. ६१२३१२ सु.मे.ह. लेप्टिनेन्ट राम लक्ष्मण भुजेलको, श्रीमतीको ना.प्र.मा र सैनिक अभिलेखमा तपशिल बमोजिमको नामथर फरक परेकोले फरक फरक नामथर भएतापनि व्यक्ति एउटै भनी सोही सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं ६१ मिति २०८३/०४/२८ को पत्रबाट लेखी आएको व्यहोरा अनुरोध छ ।

| क्र.स. | ना.प्र.मा नामथर | सैनिक अभिलेखमा नामथर | नाता |
|---|---|---|---|
| १ | राम लक्ष्मण भुजेल | राम लक्ष्मण थापा (Ram Laxman Thapa) | पेन्सनर |
| २ | कलपन कुमारी भुजेल | कल्पना कुमारी थापा (Kalpana Kumari Thapa) | श्रीमती |

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं. ३ साविक हटिया गा.वि.स. वडा नं. २ बसोबास भएको भारतीय आर्मी नं. ५४४९८२१ F Hony NB/Sub ह. नायक सुबेदार 5/5GR का धन बहादुर गुरूङ्ग नागरिकता भएको धन बहादुर वोहरा (ना.प्र.नं. २०४५४५ जारी मिति २०६२/११/११ जारी जिल्ला बागलुङ) को श्रीमती छीता कुमारी वोहरा (ना.प्र.नं. २६६ जारी मिति २०४४/११/२८) को नागरिकतामा नाम थर छीता कुमारी वोहरा (Chhita Kumari Bohara) र जन्म मिति वि.सं. २०२५/११/१० (ई.सं. 1969 Feb. 21) भएको र श्रीमानको भारतीय आर्मी डकुमेन्टमा निज श्रीमतीको नाम थर सिता कुमारी (Sita Kumari) र जन्म ई.सं. 1968 Jun. 20) उल्लेख भै फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्तिहरु फरक नभई एउटै भएको भनी गलकोट नगरपालिका, ३ नं. वडा कार्यालय, हटिया, बागलुङको च.नं. ३६१, मिति २०८३/०६/२२ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं. ३ साविक हटिया गा.वि.स. वडा नं. २ स्थायी बसोबास भएको भारतीय आर्मी नं. JC ६१७९९४ A सुबेदार 2/5 GR (FF) का किसान बहादुर थापा नागरिकतामा भएको किसान बहादुर वोहरा थापा (ना.प्र.नं. ३३७०/२४२ जारी मिति २०५३/०८/१६ जारी जिल्ला बागलुङ) को श्रीमती धन कुमारी बोहोरा थापा (ना.प्र.नं. ३४३४/५१२ जारी मिति २०४४/११/२०) को नेपाली नागरिकतामा नाम थर धन कुमारी बोहोरा थापा (Dhan Kumari Bohora Thapa) र जन्म मिति वि.सं. २०२७/०७/१७ (ई.सं. १९७०/११/०२) उल्लेख भएको र निजको भारतीय आर्मी डकुमेन्टमा निज श्रीमतीको नाम थर धन कुमारी थापा (Dhan Kumari Thapa) र जन्म मिति ई.सं. १९७०/१०/१९ उल्लेख भई फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी गलकोट नगरपालिका, ३ नं. वडा कार्यालय, हटिया, बागलुङको च.नं. ३७८, मिति २०८३/०६/२२ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ जानकारीका लागि अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

**यहि मिति २०८३ कार्तिक १० गते न्यूरोड नगरपालिका देखि छोरेपाटन जाने क्रममा डेन्टल साइन्सको माइग्रेसन सर्टिफिकेट माइक्रोबसमा हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

Name: Sneha Roka
CTEVT Registration No: DH-00370-021
Symbol No : 20100377
Issue No : 20-001799
सम्पर्क नं. : 9748415172


# बाढी पहिरोको दलदलबाट विस्तारै उठ्दै बूढीगण्डकी उपत्यका

**प्रतीक्षा आले**
गोरखा, ११ कार्तिक

हिमपहिरोले उङ्लिङ खोला थुनिएर खुलेपछि बूढीगण्डकीमा गत असोज २५ गतेको बाढीले गोरखाको तल्लो तटीय क्षेत्रमा ठूलो क्षति पुऱ्याएको स्थानमा स्थानीयको सक्रियतामा प्रभावित क्षेत्रमा पूर्वाधार निर्माणलगायतका कामबाट जनजीवन सामान्य बनाउने कार्य तीव्ररुपमा भइरहेको छ।

स्थानीयवासी र गाउँपालिकाको सक्रियतामा बाढी प्रभावित क्षेत्रमा अहिले पनि अस्थायी पुल निर्माण तथा बाटो मर्मतको काम भइरहेको छ। त्यस्तै स्थानीयकै सक्रियातामा १५ दिनदेखि बन्द रहेको चुम उपत्यका सडक आइतबारदेखि अस्थायी रुपमा खुलेको छ । स्यार खोलामा चारवटा काठे पुल निर्माण गरी चुम उपत्यकामा मानिस तथा खच्चड आवतजावत गर्न सक्ने बनाएको चुमनुब्री गाउँपालिकाका अध्यक्ष निमा लामाले बताउनुभयो । बाढीले चुमनुब्री गाउँपालिका-६ स्थित सर्दीभिरक क्यान्टिभर पुल बगाउँदा चुम उपत्यका आवतजावत ठप्प बनेको थियो।

जिल्ला प्रशासन कार्यालय गोरखाबाट प्राप्त विवरणअनुसार बाढीले चुमनुब्री, धार्चे र आरुघाट गाउँपालिकाको एकसय आठवटा घर-गोठमा क्षति पुगेको छ। यस्तै, छ वटा झोलुङ्गे पुल, दुईवटा मोटरेबल पुल, एउटा बेलिब्रिज, यारु र सर्दीमा रहेका दुईवटा क्यान्टिलिभर पुल बाढीले बगाएको प्रशासन कार्यालयको विवरणमा उल्लेख छ । घटनाको १६ दिन बित्दा प्रभावित क्षेत्रका बासिन्दा बाढीबाट सिर्जित घाउ निको पार्नमा चाडपर्व नभनी स्थानीय अहोरात्र खटिएका छन् ।

"चुम उपत्यका जाने अर्को वैकल्पिक बाटो पनि थिएन त्यसैले स्थानीयहरूको सक्रियतामा बाढी गएको भोलिपल्टदेखि नै बाटो सफा गर्ने र काठेपुल बनाउने काम सुरु भएको थियो", उहाँले भन्नुभयो, "लगातार १५ दिनसम्म स्थानीय बासिन्दा जुटेर स्यार खोलामा चारवटा काठे पुल बनाएपछि चुमउपत्यका जाने बाटो खुलेको हो ।"

गाउँपालिकाले सेना र गोरखा सडक आयोजनासँग समन्वय गरेर अवरुद्ध बेनिघाट-आरुघाट-लार्के सडक सञ्चालनमा ल्याउने काममसमेत गरिरहेको उहाँले बताउनुभएको छ । बूढीगण्डकीको बाढीले क्षतिग्रस्त बेनिघाट, आरुघाट, लार्के सडक कालोभिरसम्म सुचारु हुने अवस्थामा पुगेको छ। गोरखा सडक योजना कार्यालयले लगातार १५ दिन काम गरेर कालोभिरसम्म सुचारु गर्न लागेको कार्यालयका सूचना अधिकारी आशिक रिजालले जानकारी दिनुभयो । उहाँका अनुसार आर्खेतबाट दोभानसम्मको खण्ड सडक योजना कार्यालयले र दोभानबाट सल्लेरीसम्मको खण्ड नेपाली सेनाले खुलाउनका लागि काम गरिरहेका छन् । गोरखा सडक योजना कार्यालयले बाढीको भोलिपल्टदेखि नै सडक खुलाउने काम गर्न थालेको थियो । नेपाली सेनाले भने चुमनुब्रीको सल्लेरीबाट जगत बगरसम्म सडक खुलाउने प्रयास गरिरहेको छ । सो खण्डमा सडक मर्मतको काम जटिल रहेको सेनाको सडक निर्माण कार्यदलले जनाएको छ । डेढ किलोमिटर खण्डमा बाढीले थुप्रेको पाँच फिटभन्दा गहिरो लेदो पन्छ्याउन अझै केही दिन लाग्ने कार्यदलका प्रमुख सेनानी रामसागर यादवले जानकारी दिनुभयो । मान्छे, खच्चड र मोटरसाइकल भने केही दिनभित्र पाडसिडसम्म पुग्न सक्ने उहाँले बताउनुभयो । चुमनुब्री र धार्चे गाउँपालिकासँग समन्वय र सहकार्य गरी काम गरिएको सडक योजना कार्यालय र नेपाली सेनाले जनाएको छ । यसअघि धार्चे र चुमनुब्री गाउँपालिकाले स्थानीयवासीलाई खटाएर मान्छे हिँड्न सक्ने पैदलबाटो खुलाइसकेको छ । उङ्लिङ पहिरोपछि आएको स्यारखोलाको बाढीले बगाएको बाटो मर्मत गरी गाउँ जोड्ने बाटो बनाउन स्थानीयबासी रातदिन खटेका छन्। बाढीले धार्चे गाउँपालिका-३ दोभानबाट वडा नं १ हुल्चुक जोड्ने बेलिब्रिज र झोलुङ्गे पुल बगाएपछि स्थानीयहरूले त्यहाँ काठे पुल निर्माण गरेका छन् । सोमबार मात्र त्यहाँ काठे पुल निर्माणको काम सम्पन्न गरी आवतजावत सुचारु भएको हो।

बाढी गएको केही दिनभित्रै धार्चेका स्थानीयहरूले वडा नं ३ खोर्लाबेशीदेखि तातोपानीसम्म जाने बाटोसमेत निर्माण गरेका थिए । खोर्लाबेशीदेखि केरौँजासम्म बिजुलीको तार टाँगेर खाद्यान्न ढुवानी गर्ने काम समेत भएको थियो । स्थानीय युवाको सक्रियतामा खोर्लाबेँसीदेखि जगतसम्मको सडकमा बाढीले ल्याएको लेदो तथा गेग्रान हटाएर मान्छे र खच्चड हिँड्न सक्ने बाटो समेत तयार भएको छ। तत्कालको समस्या टार्न त्यस क्षेत्रमा ड्रोनमार्फत खाद्यान्न ढुवानी गर्ने काम समेत भएको धार्चेका अध्यक्ष लक्ष्मण गुरुङले बताउनुभयो । यस्तै, बाढीले बिग्रिएको सिर्दिबास उहिया साना जलविद्युत आयोजना चारदिनमा नै सुचारु भयो । बाढीले बगाएको आरुघाटको पुल पनि छ दिनमा मर्मत सम्पन्न भएको थियो । बाढीले बगाएको केही भाग तत्काल सुचारु गर्न बेलिब्रिज जोडेर आवतजावत सुचारु गरिएको हो । गोरखा र धादिङ जोड्ने सो पुललाई गोरखा सडक योजना कार्यालय र नेपाली सेनाले संयुक्त रुपमा मर्मतसम्भार गरेको हो । सोमबारदेखि त्यहाँ टिपरलगायत ठूला सवार साधनसमेत आवतजावत भएको छ।

# गजेन्द्र मोक्ष नारायण मुक्तिनाथ रथयात्रा दमौलीमा

**पोखरापत्र संवाददाता**
दमौली, ११ कार्तिक

प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथबाट सुरु भएको मेची महाकाली गजेन्द्र मोक्ष नारायण मुक्तिनाथ रथयात्रा तनहुँको सदरमुकाम दमौली आइपुगेको छ । सनातन धर्मको संरक्षण, आध्यात्मिक चेतनाको विस्तार र धार्मिक जागरण अभिवृद्धि गर्ने उद्देश्य राखेर आइतबारदेखि सुरु भएको रथयात्रा आज दमौली आइपुगेको हो ।

दमौली आइपुगेको रथयात्रालाई व्यास नगरपालिका-३ प्रशासनचोकमा विशेष कार्यक्रम आयोजना गरी स्वागत गरिएको छ । स्वागत कार्यक्रममा व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले धार्मिक जागरण अभिवृद्धिका लागि व्यास नगरपालिका सधैँ क्रियाशील रहेको बताउनुभयो । नगरप्रमुख न्यौपानेले व्यासको जन्मभूमि दमौली र मुक्तिनाथधामलाई धार्मिक पर्यटनका माध्यमबाट जोड्न सकिए यस क्षेत्रको धार्मिक विकासमा टेवा पुग्ने उल्लेख गर्नुभयो। आम नेपालीमा धार्मिक आस्था, आध्यात्मिक चेतना र एकताको भावना अभिवृद्धि गर्ने उद्देश्यले रथयात्रा आयोजना गरिएको मुक्तिनाथ बाबाका उत्तराधिकारी स्वामी श्रीकृष्ण प्रपन्नाचार्यले जानकारी दिनुभयो ।

दमौलीबाट डुम्रे-मुग्लिन-धादिङ-थानकोट-कलङ्की-स्वयम्भू-बालाजु र चक्रपथ हुँदै गोल्फुटारस्थित श्रीमुक्तिनाथ बाबा सेवाश्रम पुगेर रथयात्रा विश्राम गर्नेछ । बुधबार काठमाडौं नगर परिक्रमा गरी श्रीप्रपन्नमहालक्ष्मी मन्दिर र श्रीवनधाम, भक्तपुरमा रात्रि विश्राम गर्ने कार्यतालिका छ । कात्तिक महिनाभर सञ्चालन हुने रथयात्रा सकिएपछि आगामी मङ्सिर १ देखि २९ गतेसम्म त्रिवेणीधाममा गजेन्द्रमोक्ष नारायण वैभव विराट महायज्ञको आयोजना गरिएको छ । महायज्ञमा विशाल धन्यात्मकसहित अष्टाच, श्रीराम अभिमन्त्रित चामलका साथमा चार वेद १८ पुराणसहित वैदिक पारायण, हवन, कथाप्रवचन, दैनिक १०८ कन्यापुजन, बटुकपुजनलगायतका कार्यक्रम आयोजना गरिनेछ।


## शिक्षक आवश्यकता

यस **श्री शान्ति उदय माध्यमिक विद्यालय** वि.व्य. स. को बैठकको मिति २०८३/०७/१० को निर्णय र शिक्षा महाशाखा पोखरा महानगरपालिकाको मिति २०८३/०७/१० च.नं. २६३ को अनुमति पत्रानुसार यस विद्यालयमा रिक्त रहेको **निम्न माध्यमिक तह विज्ञान विषयको करार शिक्षक** (१) पदमा खुला विज्ञापनद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले तपसिलमा उल्लिखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट निम्न वमोजिम दरखास्त आह्वान गरिन्छ ।

**तपसित**

१. विज्ञापन नं.: ०२/२०८३ २. तहः निम्न माध्यमिक (विज्ञान) ३. श्रेणीः तृतीय
४. दरबन्दीको किसिमः सरकारी दरबन्दी ५. नियुक्तिको किसिम : करार
६. न्यूनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा आई एस्सी वा सो सरह उत्तीर्ण
७. उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
८. तलब स्केलः नेपाल सरकारको नियमानुसार
९. आवश्यक कागजातहरूः क) हस्तलिखित निवेदन
ख) नेपाली नागरिकताको प्रमाणपत्र
ग) शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि
घ) स्थायी शिक्षण अनुमति पत्रका १/१ प्रति छाया प्रति
ङ) परीक्षा दस्तुर बुझाएको रसिद
१०. परीक्षाको किसिमः लिखित तथा अन्तर्वार्ता (आवश्यकता भए कक्षा अवलोकन)
११. दरखास्त पेस गर्नुपर्ने स्थानः विद्यालय प्रशासन शाखा
१२. दरखास्त आइपुग्नुपर्ने अन्तिम मितिः २०८३/०७/२४ गते कार्यालय समय ४ बजेसम्म
१३. सम्पर्क मितिः कार्तिक २७ गते
१४. परीक्षा मितिः पछि तोकिने छ।
१५. आवेदन शुल्कः रु १०००/- (अक्षरुपी एक हजार)
१६. थप जानकारीका लागिः ९८५६००६५२२ मा सम्पर्क गर्नुहुन ।

**नोटः** उपरोक्त योग्यता, अनुभव एवम् कम्प्युटरमा दक्षता प्राप्त भएमा विशेष ग्राह्यता दिइनेछ। साथै शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा रहेका महानुभावहरु भएमा सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र विद्यालय प्रशासन समक्ष आफ्नो प्रवेशपत्र र सोही बमोजिमका करार नियुक्ति लिई उपस्थित हुनुपर्नेछ ।

**श्री शान्ति उदय माध्यमिक विद्यालय**
पोखरा-३३, बरपाण्डेथुम, कैलाश, कास्की


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : शुभ यात्रा | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# संविधानसभा सदस्य श्रीसको फैलँदो कृषि उद्यम

**सन्तोष गौतम**
म्याग्दी, ११ कार्तिक/रासस

कुनै समय भूमिगत राजनीतिमा सक्रिय रहनुभएका म्याग्दीको मङ्गला गाउँपालिका-३ बरंजाका गमबहादुर श्रीसको आजकल अर्को परिचय थपिएको छ । अन्तरिम व्यवस्थापिका संसद् र पहिलो संविधानसभाका सदस्य रहनुभएका श्रीस अहिले कृषि उद्यममा रमाउनुभएको छ।

दुई दशकभन्दा बढी राजनीतिमा सक्रिय उहाँ अहिले बाख्रापालन, सुन्तला खेती र मौरीपालनमा व्यस्त हुनुहुन्छ । गाउँ फर्किएर कृषि उद्यममा लाग्नुभएका श्रीसले आफ्नै श्रम र लगानीबाट स्वरोजगारको बाटो रोज्नुभएको हो । उहाँले श्रीस कृषि तथा पशुपन्छी फार्म स्थापना गरेर कृषि कर्म सुरु गर्नुभएको थियो । अहिले फार्ममा बाख्रापालन, सुन्तला खेती र मौरीपालन भइरहेको छ। उहाँका अनुसार कृषिमा आधारित उद्यम पहाडी क्षेत्रका नागरिकलाई आत्मनिर्भर बनाउने राम्रो माध्यम हो । "नागरिकको अवस्था सुधार, आर्थिक तथा सामाजिक रूपान्तरण र रोजगारी सिर्जनाका लागि कृषिमा आधारित उद्यमशीलता प्रमुख आधार हो," श्रीसले भन्नुभयो, "पहाडी क्षेत्रमा आत्मनिर्भरता र स्वरोजगारको सम्भावना देखाउन आफैँ अग्रसर भएको हुँ ।" दुईवटा बाख्रा रु एक लाख लगानीबाट उहाँले छ वर्षअघि व्यवसाय सुरु गर्नुभएको थियो । अहिले फार्ममा ३० बाख्रा छन् । वार्षिक १५ देखि २० वटासम्म खसीबोका बिक्री गर्नुहुन्छ। खरी र जमुनापारि जातका बाख्रा पाल्नुभएका उहाँले व्यावसायिक पशुपालनलाई निरन्तरता दिनुभएको छ।

सुरुमा बाख्रापालन सहज भएन । ताराखोलाबाट किनेर ल्याएका बाख्रालाई स्थानीय हावापानी अनुकूल नभएपछि क्षति बेहोर्नुपर्‍यो । तर, उहाँले हिम्मत हार्नुभएन। व्यवसायलाई निरन्तरता दिनुभयो । अहिले उहाँको फार्म व्यवस्थित बनेको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सहयोगमा आधुनिक खोर निर्माण गर्नुभएको छ।

बाख्रापालनसँगै उहाँले सुन्तला खेतीलाई पनि विस्तार गर्नुभएको छ । परम्परागत खाद्यान्न खेती हुँदै आएको खेतबारीमा ३५० वटा सुन्तलाका बोट लगाउनुभएको छ । ती बोटले उत्पादन दिन थालेका छन् । खाली जमिनमा बाख्राका लागि आवश्यक घाँस पनि लगाउनुभएको छ । यसले पशुपालनलाई सहज बनाएको छ । उहाँले मौरीपालन सुरु गर्नुभएको छ । अहिले उहाँसँग १६ वटा मौरीका घार छन् । सिचाइका लागि निर्माण गरेको पोखरीमामाछापाल्नथाल्नुभएको छ । मङ्गला गाउँपालिकाले मौरीपालनसम्बन्धी तालिम, प्राविधिक सहयोग र घार खरिदमा अनुदान दिएको छ।

श्रीसको कृषि यात्राले व्यक्तिगत आम्दानीमा मात्र सीमितता राखेको छैन । उहाँको अगुवाइमा नमूना कृषक समूह गठन भएपछि बरंजाका १५ घरपरिवार व्यावसायिक बाख्रापालनमा लागेका छन् । यसले गाउँमा कृषि उद्यमप्रतिको आकर्षण बढाएको छ। बरंजाका किसान बाख्रापालनसँगै सुन्तला खेती र गाईभैँसीपालनमा संलग्न छन् । उनीहरूले उत्पादन गरेको दूध तातोपानी र बेनी बजारमा बिक्री गर्दै आएका छन् । स्थानीयस्तरमै उत्पादन र बजारको सम्भावना देखिएकाले कृषिलाई आम्दानीको स्रोत बनाउन सकिने श्रीसको विश्वास छ । सुन्तला खेती विस्तार र बगैँचा व्यवस्थापनमा उहाँले सहयोग पाउनुभएको छ। राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना र कृषि विकास कार्यालयले श्रीससहित बरंजाका किसानलाई सुन्तला खेती विस्तार, बगैँचा सुदृढीकरण र सिँचाइ सुविधा विस्तारमा सहयोग गरेका छन् ।

मध्यमवर्गीय परिवारमा जन्मनुभएका श्रीसले आत्मनिर्भर बन्ने उद्देश्यले कृषि उद्यम रोज्नुभएको हो । केही समय उहाँले खाद्यान्न पसलको डिलरसमेत सञ्चालन गर्नुभएको थियो । तर, अहिले उहाँको मुख्य ध्यान कृषि र पशुपालनमा केन्द्रित छ।

बिहान र बेलुका बाख्राको स्याहार तथा सुन्तलाका बोटको हेरचाहमा उहाँको समय बित्छ । फुर्सदको समय पनि फार्ममै बिताउनुहुन्छ । कृषि कर्मसँगै उहाँ स्थानीय सामाजिक गतिविधिमा समेत सक्रिय हुनुहुन्छ । परिवारका सदस्यले उहाँलाई साथ दिएका छन् । श्रीसको जीवनयात्रा भने कृषि उद्यमबाट सुरु भएको होइन । विद्यार्थी जीवनदेखि नै उहाँ नेकपा (माओवादी) मा आबद्ध हुनुभएको थियो । विसं २०५८ देखि भूमिगत राजनीतिमा सक्रिय हुनुभयो । तत्कालीन माओवादीले सञ्चालन गरेको सशस्त्र द्वन्द्वका क्रममा उहाँ राजनीतिक गतिविधिमा संलग्न रहनुभयो।

विसं २०६३ मा उहाँ अन्तरिम व्यवस्थापिका संसद्को सदस्य बन्नुभयो। त्यसपछि विसं २०६४ देखि २०७० सम्म पहिलो संविधानसभामा प्रतिनिधित्व गर्नुभयो । संविधानसभा सदस्यको कार्यकाल पूरा भएपछि उहाँ जन्मथलो बरंजा फर्कनुभयो । त्यसपछि कृषि उद्यमलाई जीवनयापनको आधार बनाउनु भएको हो। श्रीस अहिले पनि राजनीतिमा सक्रिय हुनुहुन्छ । उहाँ हाल नेपाली कम्युनिष्ट पार्टीको केन्द्रीय सदस्य हुनुहुन्छ । राजनीति र कृषि उद्यमलाई सँगसँगै अघि बढाउने उहाँको योजना छ । श्रीसको अनुभवमा कृषि उद्यमले उत्पादन मात्र बढाउँदैन, गाउँमै रोजगारी सिर्जना गर्न पनि मद्दत गर्छ । पहाडी क्षेत्रमा उपलब्ध जमिन, हावापानी र स्थानीय स्रोतको उपयोग गर्न सके किसानले आफ्नै गाउँमा आम्दानी गर्न सक्छन् भन्ने उहाँको विश्वास छ।

## होटल लुमेन (६५ शैयामा) निर्माण तथा सञ्चालनका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/७/१२)

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ६ मा होटल लुमेन प्रा.लि. द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | होटल लुमेन प्रा.लि., पोखरा महानगरपालिका वडा नं.-६ |
| प्रस्तावको व्यहोरा | कुल ४८ कोठामा ६५ शैया होटल निर्माण तथा सञ्चालन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला न.पा. | कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं.-६ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तह तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय, पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं
ईमेलः info@tourismdepartment.gov.np, फोन नं.: +९७७-०१-५३४७०३७

२. श्री होटल लुमेन प्रा. लि., पो.म.न.पा वडा नं.६, कास्की जिल्ला, गण्डकी प्रदेश
फोन नं.: ९८१६१७५४१९

३. श्री पोखरा महानगरपालिका, कास्की जिल्ला, गण्डकी प्रदेश
फोन नं.: +९७७ ६१-५७११०५, ५७११०४

४. श्री ग्रिनविच ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा. लि.
नयाँ बानेश्वर, काठमाडौँ
ईमेलः geec.nepal@gmail.com, फोन नं.: +९७७-९८४१५३१५८२

# बाढीको असर सेवा प्रवाहमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ कार्तिक

गत असोज दोस्रो साताको बाढीपहिरोले म्याग्दीमा सरकारी कार्यालयका भवन र सामग्रीमा क्षति पुर्‍याएपछि सेवा प्रवाह प्रभावित भएको छ।

बाढीले कार्यालयका कागजात, अभिलेख, कम्प्युटर, फर्निचर र अन्य उपकरण नष्ट गरेपछि नियमित कामकाज सञ्चालन गर्न समस्या भएको हो । बेनी नगरपालिका-७ मा रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, डिभिजन वन कार्यालय र बेनी नगरपालिकाको भवनमा असोज ११ गते बिहान बराहपाखोबाट आएको बाढी पसेर क्षति पुर्‍याएको थियो । बाढीले कार्यालयका भुइँतलामा रहेका कोठा पुरिएपछि सेवा प्रवाह प्रभावित भएको हो।

केन्द्रले नयाँ भवनबाट सेवा प्रवाह सुरु गरेको छ। तर, कार्यालयका महत्त्वपूर्ण कागजात, अभिलेख र उपकरण नष्ट भएकाले काम गर्न कठिन भएको पशु विकास अधिकृत गोपाल गिरीले बताउनुभयो। "नयाँ भवन निर्माण पूरा गरेर कार्यालय सञ्चालनमा ल्याएका छौँ । तर, कागजात, अभिलेख, औजार, उपकरण र फर्निचर बाढीले नष्ट गरेकाले समस्या भएको छ", उहाँले भन्नुभयो, "यसअघि कार्यालय रहेका दुई भवनका भुइँतलाका सातवटा कोठामा रहेका सबै सामग्री र कागजात नष्ट भएका छन् ।" पशु अस्पताल सञ्चालनका लागि गण्डकी प्रदेश सरकारले दुई वर्षअघि बेनी-७ मङ्गलाघाटमा रु ४७ लाख खर्चेर सातकोठे एकतले भवन निर्माण गरेको थियो । पुरानो कार्यालय भवन बाढीले पुरिएपछि सोही भवनबाट सेवा प्रवाह सुरु गरिएको हो। कार्यालय परिसरमा पार्किङ गरेर राखिएका सवारीसाधनसमेत बाढीमा पुरिएका थिए । भेटेरिनरी अस्पताल र डिभिजन वन कार्यालय परिसरमा थुप्रिएको माटो पन्छाउने काम अझै सकिएको छैन। माटो र गेग्रान हटाउन समय लाग्दा कार्यालयका भौतिक संरचना पूर्ण रूपमा सञ्चालनमा ल्याउन कठिन भएको छ । बाढीले बेनी नगरपालिकाको भवनमा पनि क्षति पुर्‍याएको थियो । भवनको भुइँतलामा रहेका कृषि र पशु सेवा शाखाले माटो पन्छाएर सेवा सुरु गरेका छन् । तर, बाढीले पुर्‍याएको क्षतिका कारण भेटेरिनरी र वन कार्यालयको नियमित कामकाज सहज हुनसकेको छैन । डिभिजन वन कार्यालयको भुइँतलामा रहेको योजना शाखाका तीनवटा कोठामा पनि बाढीले क्षति पुर्‍याएको थियो। सवारीसाधन पार्किङ गर्ने ग्यारेजसमेत भत्किएको छ। भुइँतलाका शाखा र कार्यकक्षलाई नजिकै रहेको भू तथा जलाधार व्यवस्थापन कार्यालयको एकाइ भवनमा सारेर काम सुरु गरिएको डिभिजनल वन अधिकृत वसन्तकेशव अधिकारीले बताउनुभयो । "जेनतेन कार्यकक्ष बनाएर काम सुरु गरेका छौँ । तर, फर्निचर, कम्प्युटर, अभिलेख, प्रिन्टर र कागजात नष्ट भएकाले समस्या भएको छ", उहाँले भन्नुभयो, "क्षतिग्रस्त भवन मर्मतका लागि बजेटको अभाव पनि अर्को चुनौती बनेको छ।"

कार्यालयका भवनमा क्षति पुग्नुका साथै महत्त्वपूर्ण अभिलेख नष्ट हुँदा सेवा प्रवाहमा थप चुनौती देखिएको छ। नयाँ ठाउँमा कार्यकक्ष बनाएर काम सुरु गरे पनि आवश्यक उपकरण र कागजातको अभावमा नियमित काम गर्न कठिन भएको छ। क्षतिग्रस्त संरचनाको मर्मत र नष्ट भएका सामग्रीको व्यवस्थापन गर्न नसक्दा सरकारी कार्यालयको सेवा प्रवाहमा बाढीको असर कायमै छ।

# सरकारद्वारा साइबर सुरक्षा एड्भाइजरी जारी

**रासस**
काठमाडौं, ११ कार्तिक

राष्ट्रिय साइबर सुरक्षा केन्द्रले साइबर सुरक्षा एड्भाइजरी गरेको छ।

हालै नोड डट जेएस रनटाइममा नोड टु सेललगायतका गम्भीरसुरक्षा कमजोरीहरू पहिचान भएको उल्लेख गर्दै केन्द्रले सम्बन्धित निकायका प्रणाली तथा वेब एप्लिकेशनमा प्रयोग भएका नोड डट जेएस रनटाइमको भर्सन जाँच गरी नयाँ भर्सन अद्यावधिक गर्न आग्रह गरेको हो । "कमजोरीको दुरूपयोग भएमा सम्बन्धित प्रणालीमा अनधिकृत पहुँच प्राप्त हुने, सेवा अवरुद्ध हुने तथा प्रणालीमा चलिरहेका कार्यहरूमा अनधिकृत नियन्त्रण कायम हुनसक्ने जोखिम रहन्छ। यसबाट बच्न सुरक्षा उपायहरू अबलम्बन गर्न अनुरोध छ", केन्द्रले भनेको छ। केन्द्रले आजै एक परिपत्र जारी गर्दै वेबसाइटहरू सुरक्षित गर्न वैध एसएसएल/टिएलएस प्रमाणपत्र अनिवार्य रूपमा लागू गर्न पनि निर्देशन दिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय मातहत रहेको केन्द्रले सङ्घीय मन्त्रालय, आयोग, सचिवालय, प्रदेश मन्त्रालय, नेपाल नगरपालिका सङ्घ तथा गाउँपालिका राष्ट्रिय महासङ्घलाई पत्राचार गर्दै वेबसाइटको सुरक्षा मापदण्ड प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गरेको हो। केन्द्रले पछिल्ला दिनमा साइबर सुरक्षा जोखिम बढ्दै गएको सन्दर्भमा प्रयोगकर्ताको तथ्याङ्क सुरक्षित रूपमा आदानप्रदान गर्न वेबसाइटमा इन्क्रिप्सन व्यवस्था अनिवार्य गर्नुपर्ने जनाएको छ । त्यसका लागि टिएलएस १.२ वा टिएलएस १.३ प्रोटोकलसहितको वैध एसएसएल/टिएलएस प्रमाणपत्र प्रयोग गर्नुपर्ने निर्देशनमा उल्लेख छ।

निर्देशनअनुसार सबै सरकारी निकायले आफ्ना वेबसाइटमा प्रयोग भइरहेको एसएसएल/टिएलएस प्रमाणपत्रको वैधता तत्काल जाँच गर्नुपर्नेछ । प्रमाणपत्र नभएका वा म्याद समाप्त भएका वेबसाइटमा आधिकारिक तथा विश्वसनीय निकायबाट वैध प्रमाणपत्र जारी गरी जडान र कन्फिगरेसन गर्नुपर्नेछ । त्यस्तै, वेबसाइटलाई एचटिटिपिएस माध्यमबाट मात्र सञ्चालन हुने व्यवस्था मिलाउन र टिएलएस १.२ तथा टिएलएस १.३ जस्ता पुराना तथा असुरक्षित प्रोटोकल पूर्ण रूपमा बन्द गर्न पनि केन्द्रले निर्देशन दिएको छ । एसएसएल/टिएलएस प्रमाणपत्रको म्याद समाप्त हुनुअगावै नियमित नवीकरण गर्ने व्यवस्था मिलाउन तथा वेबसाइटको सुरक्षामा देखिने कमजोरीबाट साइबर आक्रमणको जोखिम न्यूनीकरण गर्न अन्य आवश्यक सुरक्षा मापदण्डसमेत उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न केन्द्रले आग्रह गरेको छ।

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं. ०३ साविक हटिया गा.वि.स. वडा नं. २ स्थायी निवासी भारतीय आर्मी नं. ५२४१५९३ T.S. नायक १/३ GR का तुल बहादुर थापा नेपाली नागरिकतामा भएको तुल बहादुर बोहोरा थापा (ना.प्र.नं. २६३० जारी मिति २०५१/०८/१९ जारी जिल्ला बागलुङको) श्रीमती तेज कुमारी बोहोरा थापा (ना.प्र.नं. २६३०/१२८/८३९ जारी मिति २०५१/०८/१९) को नेपाली नागरिकतामा नाम थर तेज कुमारी बोहोरा थापा (Tej Kumari Bohora Thapa) भएको र भारतीय आर्मी डकुमेन्टमा निजको नाम थर तेज कुमारी थापा (Tej Kumari Thapa) उल्लेख भई फरक परेता पनि उल्लेखित दुई नाम थरहरु तेज कुमारी बोहोरा थापा (Tej Kumari Bohora Thapa) र तेज कुमारी थापा (Tej Kumari Thapa) भएका व्यक्तिहरु फरक नभई एउटै भएको भनी गलकोट नगरपालिका ३ नं. वडा कार्यालय, हटिया, बागलुङको च.नं. ४१७, मिति २०८३/०७/०९ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला जैमिनी नगरपालिका वडा नं. ३ साविक दमेक गा.वि.स. वडा नं. ७ निवासी भारतिय भू.पू.सै.नं. ५४४२६२६ पल्टन १ / ५ गोर्खा राईफलका नायक नर बहादुर पुन नेपाली नागरिकता प्रमाण पत्रको नाम थर नर बहादुर पुन छन्त्येल र निजको श्रीमती विष्णु कुमारी पुनको नेपाली नागरिकता प्रमाण पत्र र भारतिय पेन्सन सम्बन्धि काजातहरुमा तपशिल बमोजिम नाम थर र जन्म मिति फरक फरक भएता पनि उल्लेखित दुई नाम थर र जन्म मिति भएको व्यक्तिहरु एउटै भएको भनी जैमिनी नगरपालिका, ३ नं. वडा कार्यालयको चलानी नं. १७२, मिति २०८३/०६/२२ को पत्रबाट लेखी आएको ले सोही व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

| क्र. सं. | नाता सम्बन्ध | नेपाली नागरिकता प्रमाण पत्रको विवरण | | पेन्सन सम्बन्धि कागजातहरुको विवरण | | कै. |
|---|---|---|---|---|---|---|
| | | नाम थर | जन्म मिति | नाम थर | जन्म मिति | |
| १ | पेन्सनर | नर बहादुर पुन छन्त्येल Nar Bahadur Pun Chhantel | वि.सं. २००७/०२/१७ ई.सं. १९५०/०५/३० | नर बहादुर पुन Nar Bahadur Pun | ई.सं. १९५१/०१/१३ वि.सं. २००७/०९/२९ | |
| २ | श्रीमती | विष्णु कुमारी पुन छन्तेल Bishnu Kumari Pun Chhantel | वि.सं. २०१३/०८/१३ ई.सं. १९५६/११/२८ | विष्णु कुमारी पुन Bishnu Kumari Pun | ई.सं. १९६०/०७/०१ वि.सं. २०१७/०३/१८ | |

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा पुतलीबजार नगरपालिका वडा नं ०३ निवासी भारतीय भु.पु. सैनिक नं 5437888 RFN केशर बहादुर थापाको श्रीमतीको ना.प्र.मा र पेन्सन अभिलेखमा तपसिल बमोजिमको नामथर र जन्म मिति फरक परेकोले फरक फरक नामथर र जन्म मिति भएतापनि व्यक्ति एउटै भनी सोही सम्वन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं ३५९ मिति २०८३/०६/२२ को पत्रबाट लेखी आएको व्यहोरा अनुरोध छ।

| क्र. स. | ना.प्र.मा नामथर | पेन्सन अभिलेखमा नामथर | नाता | ना.प्र.मा जन्म मिति | पेन्सन अभिलेखमा जन्म मिति |
|---|---|---|---|---|---|
| १ | अैमती माया भुजेल | औमती माया भुजेल | श्रीमती | २०००/०३/०७ 21-06-1943 A.D | २०००/०९/१६ 31-12-1943 A.D |

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३।०७।१२ गते

साविक स्काईजोन इन्टरनेशनल एजुकेशनल कन्सल्टेन्सी प्रा. लि. (दर्ता नं.: ३८१४२६/८२/८३) को मिति २०८३।०६।२२ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने कर दायित्व आदि सबै परिवर्तित स्काईजोन इन्टरनेशनल प्रा.लि. नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौंको मिति २०८३।०६।२६ को निर्णयानुसार स्वीकृति प्रदान गरिएकोले यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :
साविकको नाम : स्काईजोन इन्टरनेशनल एजुकेशनल कन्सल्टेन्सी प्रा. लि.
संशोधित नाम : स्काईजोन इन्टरनेशनल प्रा. लि.

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३।०७।१२ गते

साविक हिमाराया इन्स्टिच्यूट प्रा.लि. (दर्ता नं.: ३५६८०४/८१/८२) को मिति २०८३।०६।०९ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने कर दायित्व आदि सबै परिवर्तित निप्पोन काठमाण्डौं ल्यांग्वेज सेन्टर प्रा.लि. नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौंको मिति २०८३।०६।१२ को निर्णयानुसार स्वीकृति प्रदान गरिएकोले यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :
साविकको नाम : हिमाराया इन्स्टिच्यूट प्रा. लि.
संशोधित नाम : निप्पोन काठमाण्डौं ल्यांग्वेज सेन्टर प्रा. लि.